ADDCN ई बुलेटिन
Association of District Development Committees of Nepal
जिल्ला विकास समिति महासंघ नेपाल

Vol. 1 [Issue - 7] (जिल्ला विकास समिति महासंघ नेपालको मासिक ई-बुलेटिन) 2012 January/February {2068 Magh}

# राज्यको पुनर्संरचना र स्थानीय सरकारको संबैधानिक व्यवस्था सम्बन्धी क्षेत्रीय अन्तरक्रिया कार्यक्रम

## २०६८ माघ ८ गते, धनगढी, कैलाली

यही २०६८ साल माघ ८ गते राज्यको पुनरसंरचना र स्थानीय सरकारको संवैधानिक व्यवस्था विषयमा जिविस महासंघ नेपाल र जिविस कैलालीको संयुक्त आयोजनामा धनगढीमा एक अन्तरक्रिया कार्यक्रमको आयोजना गरियो । उक्त कार्यक्रममा विभिन्न राजनीतिक दलका प्रतिनिधिहरु, विषयगत कार्यालयका प्रमुखहरु, नागरिक समाज, पत्रकार, मिडिया, पूर्वजनप्रतिनिधिहरु, अन्य सरोकारवाला संघसंस्थाका प्रमुख र प्रतिनिधिहरु लगायत विभिन्न व्यक्तित्वहरुको सहभागिता रहेको थियो । जिविस महासंघ नेपालको तर्फबाट अध्यक्ष श्री ऋषिराज लुम्साली, प्रवक्ता श्री कृष्णप्रसाद जैसी, केन्द्रिय सदस्य श्री भरतबहादुर खड्का र श्री मायाँ भट्टको उपस्थिति रहेको थियो । उक्त कार्यक्रम कैलाली जिविसका स्थानीय विकास अधिकारी श्री गोकर्णराज शर्माको अध्यक्षतामा सम्पन्न भएको थियो । अन्तरक्रिया कार्यक्रममा चाँडोभन्दा चाँडो अन्तरिम समयको लागि भएपनि स्थानीय निकायहरुको निर्वाचन हुनुपर्छ भन्ने सुझाव आउनुको साथै हालसालै पत्रपत्रिका र संचारको माध्यमबाट राज्यपुनरसंरचना आयोगले जातिय प्रदेश र राज्यको दुईतह केन्द्र र प्रदेश मात्र राखेर स्थानीय सरकारको तहसमेत हटाएर प्रदेशको तजवीज र निगाहाको भरमा निरही स्थानीय निकायहरुको व्यवस्था गर्ने खालको संरचना पेश गर्ने तयारी प्रति सहभागीहरुले आक्रोस व्यक्त गरेका थिए । राज्यको पुनर्संरचना गर्दा केन्द्र, प्रदेश र स्थानीय गरी तीनतहहरु हुनु पर्ने र स्थानीय तहमा जिल्ला, नगर र गाउँ सरकारको स्पष्ट रुपमा संविधानमा व्यवस्था हुनु पर्ने कुरामा सहभागीहरुको सुझाव प्राप्त भएको थियो । समग्रमा स्थानीय सरकारको संवैधानिक व्यवस्था गरिनु पर्छ भन्ने कुरामा सबै सहभागीहरुको साझा धारणा पाइयो । उक्त कार्यक्रममा प्राप्त सुझावहरु निम्नानुसार रहेका छन् ।

**श्री विरन्द्र वम - *राप्रपा नेपाल***

- पुरानो कुरा किन मान्ने भन्ने सोचमा हुनु राम्रो होइन । जिल्लाको अवधारणा हटाउनु हुँदैन । सेवा प्रवाह र समन्वयका हिसावले जिल्ला आवश्यक छ ।
- स्थानीय निकायको निर्वाचन आवश्यक छ, त्यो तुरुन्त हुनुपर्छ ।
- दलिय संयन्त्रले भ्रष्टाचार गऱ्यो भनेर अख्तियारले जो अभियोग लगाएको छ । त्यो ठिक भएन । गल्ति गरेकाहरुलाई कारवाही गर्नु पऱ्यो । दलको विकल्प अरु हुँदैन ।
- राज्यको पुनरसंरचना भद्रगोल बनाइनु हुँदैन ।
- स्थानीय निकायका संघ तथा महासंघहरुले सशक्त ढंगले पैरवी र वकालतीका कार्यक्रमहरु सञ्चालन गर्नु पर्छ ।

**श्री मनिन्दर - *फोरम गणतान्त्रिक***

- व्यवहारिक रुपमा राज्यको पुनर्संरचना गरी यथासिघ्र संविधान बनाउनु आवश्यक छ ।
- स्थानीय निकायहरुको निर्वाचन गरिनु पर्छ ।
- दलिय संयन्त्रले भ्रष्टाचार गरेको भनिएको छ, गलत गर्नेलाई कारवाही गर्नुपर्छ ।

**श्री सूर्य सुवेदी - *नेकपा माओवादी, थारुवान राज्य समितिका सदस्य***

- संयन्त्रलाई कानूनी अधिकार थिएन, कसरी भ्रष्टाचार हुन्छ । के अधिकार थियो ? LDO को एकल अधिकार थियो ।
- स्थानीय निकायको निर्वाचन हुनु जरुरी छ । स्थानीय निकायहरुलाई राज्यको तीन तह हुनुपर्छ र स्थानीय सरकारहरु संवैधानिक हुनुपर्छ ।
- राज्यको पुनरसंरचना भएको छैन भनेर निर्वाचन रोक्न हुँदैन । किनभने निर्वाचनले राज्य पुनर्संरचना गर्दा सजिलो हुनसक्छ । जिल्ला रहनु पर्छ ।

**श्री जयवहादुर कार्की - *जन स्वास्थ्य प्रमुख***

- स्वास्थ्य क्षेत्रलाई परिचालन गर्दा राजनैतिक प्रतिवद्धता आवश्यक छ । आज निर्वाचन नभएर जनप्रतिनिधि विहिन अवस्थाले गर्दा धेरै समस्याहरु जम्माएको छ । त्यसैले निर्वाचन चाँडोभन्दा चाँडो गर्नुपर्छ । विभिन्न वर्ग र समुदायलाई समन्वय गर्न पनि निर्वाचित प्रतिनिधिको आवश्यकता छ ।

**श्री जनक वम - *पूर्व जिविस सदस्य***

- अब बन्ने संरचनामा स्थानीय निकायहरु बलियो हुनुपर्छ । तर,
- जिल्ला विकास समिति महासंघ नेपालको सुझाव दलहरुले कत्तिको मान्छन वा मान्दैनन यो विचारणिय विषय छ । तर पनि महासंघले उठाएका सवालहरु स्थानीय लोकतन्त्रको पक्षमा छन् ।

**श्री कृष्ण चौधरी - *राष्ट्रिय जनमोर्चा***

- नेपाली जनताले परिवर्तन पक्षमा आन्दोलन गरेका थिए । तर परिवर्तनको अनुभूति अझैसम्म हुन सकेको छैन । नागरिकता विधेयक पास गरेर ४० लाख गैर नेपालीलाई नागरिकता बाँडियो । यो राष्ट्रको मूल समस्या भएको छ । स्थानीय निर्वाचन हुनुपर्छ भन्ने हाम्रो मान्यता छ, जो पटक पटक भन्दै आएका छौं । स्थानीय निकायको निर्वाचन हुने सम्भावना कत्तिको छ ?
- राजनैतिक दलको केही कमजोरी भयो भने छानवीन गर्ने, कारवाही गर्ने हो तर सोलोडोलो हिसाबमा संयन्त्र भ्रष्टाचारी

भयो भन्नु अन्याय हुन्छ । दलहरुलाई अलग राखेर काम गर्न त्यति सम्भव छैन ।

**श्री नितेन चौधरी - *थारुहट***

- सर्वदलिय संयन्त्र खारेज गर्दा विकल्प दिएर गर्नु पर्ने थियो, त्यो भएन । शान्ति प्रक्रिया निस्कर्षमा नपुगेको अवस्थामा स्थानीय निर्वाचन असम्भव देखिन्छ ।
- तीन तहको सरकार हुनुपर्छ ।

**श्री प्रकाश वम - *पूर्व जिल्ला विकास समिति सदस्य (नेपाली कांग्रेस जिल्ला कमिटी सचिव)***

- स्थानीय सरकार आवश्यक छ । जस्ले जनताका आधारभूत स्वास्थ्य सेवा, सुरक्षा विकास जस्ता कुराहरुको सहजीकरण गर्नुपर्दछ ।
- स्थानीय निकायहरुको निर्वाचन यथासिघ्र गर्न आवश्यक छ ।
- संयन्त्रले भ्रष्टाचार गरेको भनेर सरकारले विगठन गरेको छ । बास्तवमा संयन्त्रलाई कानूनी अधिकार र जिम्मेवारी केही पनि थिएन । यस्तो अवस्थामा संयन्त्रलाई दोष लगाउनु कत्तिको जाहेज होला?

**श्री बीर हमाल - *गाविस महासंघ***

- स्थानीय निकायको निर्वाचन आवश्यक छ । जिल्लाको आवश्यकता छ । प्रान्तको अधिनमा नभई संवैधानिक रुपमा स्थानीय सरकारहरुको ग्यारेण्टी गरिनु पर्छ ।
- जनप्रतिनिधि विहिन अवस्थामा उपभोक्ता समितिहरु पनि अराजक भएका छन्, कसले समन्वय गर्ने ? यस विषयमा जिविसले गंभीर भएर अनुगमनका काम गर्नु पर्दछ ।

**श्री बुद्धिसागर चौधरी - *पूर्व जिविस सदस्य***

- संविधानसभा विषयगत समितिहरुको प्रतिवेदनमा स्थानीय सरकारको परिभाषाभित्र जिल्ला विकास समितिलाई खारेज गरिएको विषय गंभीर आपत्तिजनक छ । स्थानीय तहमा जिल्ला हुनुपर्छ । साचो अर्थमा सेवा प्रवाहको प्रभावकारीताका लागि चारतहको राज्यको ढाँचा हुनु पर्छ ।
- अन्तरिमकालको लागि स्थानीय निकायको निर्वाचन हुनुपर्छ ।
- संयन्त्र सबै भ्रष्टाचारी थिएनन । राम्रै काम भएको थियो । कुनै ठाउँमा गल्ति भएको भए गल्ति गर्नेलाई कार्यवाही गर्नुको सट्टा समग्रमा सबैलाई दोष लगाउनु सरासर सरकारको गल्ती हो ।

**श्री गोकर्णराज शर्मा - *स्थानीय विकास अधिकारी, जिविस कैलाली***

- जिविस महासंघले जिविसहरुसंग सहकार्य गरेकोमा उहाँले धन्यवाद दिनु भयो । राज्यको पुनरसंरचनाको सन्दर्भमा जिल्ला तहको आवश्यकतालाई स्थान दिनु आवश्यक छ । जिल्लातहका सबै विषयगत कार्यलयहरु लगायत अन्य गैसस वीचको समन्वयकारी भूमिका निर्वाह गर्न र प्रदेश र गाँउका विचमा सेतुको काम जिल्लाले गर्ने भएकोले जिल्लाको संरचना आवश्यक छ ।
- LDO हरुलाई दोहोरो जिम्मेवारी दिदा काम गर्न कठिन भएको छ । तसर्थ स्थानीय निकायमा जनप्रतिनिधिहरुको व्यवस्था हुनु आवश्यक छ ।
- छिटो भन्दा छिटो स्थानीय निकायको निर्वाचन गरिनुपर्छ । निर्वाचन हुन समय लाग्ने भएमा केही समयका लागि एक कानूनी हैसियत प्राप्त भएको संयन्त्र बनाईनु पर्छ ।
- जनप्रतिनिधि विहिनताको कारण स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा केन्द्रीय हस्तक्षेप बढेको छ । यो लोकतन्त्रको लागि घातक कुरा हो ।

**अन्तरक्रिया कार्यक्रमको प्रतिवेदन पेश गर्ने पदाधिकारी**

**कृष्णप्रसाद जैसी**
प्रवक्ता
जिविस महासंघ, नेपाल

**भरतबहादुर खड्का**
केन्द्रिय सदस्य
जिविस महासंघ, नेपाल

# नयाँ संविधानमा जिल्ला सरकार सहितको स्थानीय सरकारको संवैधानिक व्यवस्थाकाबारेमा शेरबहादुर देउवासंग भेटवार्ता




काठमाडौं, २०६८ पौष ३० गते, जिल्ला विकास समिति महासंघ नेपाल र विकेन्द्रीकरण सहयोग समाजको संयुक्त टोलीले पूर्व प्रधानमन्त्री एवं नेपाली कांग्रेसको वरिष्ठ नेता शेरबहादुर देउवासंग उहाँको निवासस्थान बुढानिलकण्ठमा भेट गरी **नयाँ संविधानमा जिल्ला सरकार सहितको स्थानीय सरकारको संवैधानिक सम्बन्धी व्यवस्था** विषयमा आ-आफ्नो संस्थागत अवधारण-पत्र पेश गर्ने काम भयो । सो छलफल कार्यक्रममा संविधानको प्रस्तावना निर्देशन सिद्धान्त, राज्यका नीति र स्थानीय सरकारको छुट्टै परिच्छेद राख्नुपर्ने विषयमा छलफल भयो । स्थानीय तहमा समन्वय, अनुगमन र नियमनका साथै दुइ वा दुई भन्दा बढी स्थानीय सरकारको जिम्मेवारीमा गर्नुपर्ने विकास निर्माणका काम जिल्ला तहको सरकारबाट गरिनुपर्ने विषयमा समेत व्यापक छलफल भयो । छलफल कार्यक्रममा जिविस महासंघ नेपालका तर्फबाट भरतबहादुर खड्का, हेमराज लामिछानेको सहभागिता रहेको थियो भने विकेन्द्रीकरण सहयोग समाजका तर्फबाट कृष्णलाल सापकोटा, बेखारत्न शाक्य, रामचन्द्र पोखरेल, चेतराज बफालको उपस्थिति रहेको थियो ।

# संयुक्त अन्तरक्रिया कार्यक्रम



जिल्ला विकास समिति महासंघ नेपाल, नेपाल नगरपालिका संघ र गाउँ विकास समिति राष्ट्रिय महासंघ नेपालले संयुक्त रुपमा यही २०६८ साल माघ २४ गते काठमाण्डौंमा एक अन्तरक्रिया कार्यक्रमको आयोजना गरियो । उक्त कार्यक्रमको उद्धेश्य आगामी दिनमा स्थानीय निकायका संघ तथा महासंघहरुले स्थानीय स्वायत्तता, स्थानीय सरकारको संवैधानिक व्यवस्था, अन्तरीम स्थानीय निकायको निर्वाचन लगायतका विषयमा कसरी अगाडी बढ्ने बारेमा यस क्षेत्रमा लामो समय अनुभव हासिक गरेका बुद्धिजिवीहरुसँग सुझाव लिनु रहेको थियो । उक्त कार्यक्रममा नेपाल सरकारका पूर्वसचिव, दातृ निकायमा लामो समयसम्म काय गरेका विशेषज्ञहरु लगायत विशिष्ट व्यक्तित्वहरुको उपस्थिति रहेको थियो । सो कार्यक्रममा स्थानीय निकायका संघ तथा महासंघहरुलाई देहायबमोजिम सुझावहरु प्राप्त भएको थियो ।

१. स्थानीय निकाय केन्द्रिय समन्वय समितिको निरन्तरता र क्रियाशीलता अभिबृद्धि गर्न तीनवटा संघ महासंघहरुको साझा मुद्धा बनाउनु पर्ने ।

२. स्थानीय स्वशासनको पक्षममा सशक्त कार्यक्रम अगाडि बढाउन एक विज्ञहरु समावेश भएको कार्यदलको गठन गर्ने ।

३. स्थानीय स्वशासन र स्थानीय सरकारको संवैधानिक व्यवस्थाका पक्षमा सहयोग पुग्ने विषयवस्तुहरु समेटेर वकालती र पैरवी साझा दस्तावेज तयार गर्नु पर्ने यसका लागि कम्तिमा मुख्य मुख्य दलले संविधान सभाको निर्वाचनको वेलामा सार्वजनिक गरेका घोषणापत्रहरुको समिक्षा गर्ने, संविधानसभाका विभिन्न विषयगत समितिहरुको प्रतिवेदनमा स्थानीय सरकार सम्वन्धी प्रावधानहरुको समिक्षा गर्ने, अन्तरीम संविधान, २०६३ को धारा १३८ र १३९ को प्रावधानलाई समिक्षा गर्ने र उच्चस्तरीय राज्य पुनर्संरचना आयोगको प्रतिवेदनको समेत समिक्षा गर्ने ।

४. नेपालको स्थानीय स्वायत्तता र अन्तरीम निर्वाचनको लागि नैतिक दवाव दिन अन्तर्राष्ट्रिय समर्थनको पहल गर्ने ।

५. पूर्व साँसद मञ्चसँग साझा एजेण्डा तय गरी सहकार्य अगाडि बढाउनु पर्ने ।

६. संविधानसभामा स्थानीय सरकारको पक्षमा बोल्ने सभासद्हरुको ककस बनाउन पहल गर्ने र सोहीका माध्यमबाट संविधानसभामा स्थानीय सरकारको पक्षमा वकालती गर्ने बातावरण तयार गर्ने ।

७. स्थानीय स्वायत्त शासन ऐन, २०५५ को संशोधनका लागि आवश्यक अध्ययनको आरम्भ गर्ने ।

८. स्थानीय सरकारको पुनर्संरचनाको लागि छुट्टै उच्चस्तरीय आयोगको गठनको माग गर्ने ।

९. स्थानीय निकायको अन्तरीम निर्वाचनको माग गर्दै सर्वोच्च अदालतमा रिट निवेदन पेश गर्ने ।

१०. स्थानीय स्वशासन र स्थानीय सरकारको संवैधानिक व्यवस्थाका पक्षमा आफ्नो स्पष्ट दृष्टिकोण बनाउन राजनीतिक दलका नेताहरुसँग व्यापक रुपमा पैरवीको थालनी गर्ने ।

११. संघ तथा महासंघहरुको एजेण्डालाई सशक्त रुपमा सञ्चार माध्यम मार्फत व्यापक परिचालन गर्ने ।

१२. पत्रकार महासंघ, बार एसोसियसन लगायत पेशागत संघ संगठनहरुसँग अन्तरक्रिया कार्यक्रमहरुको आयोजना गर्ने ।

१३. संघ/महासंघहरुको तल्ला तहका संरचनाहरु समेतबाट व्यापक सहयोग र समर्थन लिन विभिन्न क्रियाकलापहरुको आयोजना गर्ने ।



**महिन लिम्बु** गाविस महासंघ | **डोरमणी पौडेल** नेपाल न.पा.संघ | **माधव पौडेल** जिविस महासंघ नेपाल

# जलवायु परिवर्तन व्यवस्थापन महाशाखा

२०६८ माघ, १२ गते, नेपाल सरकार तथा युरोपेली संघ र बेलायत सरकारबीच सम्झौता भए अनुसार जलवायु परिवर्तन व्यवस्थापन महाशाखाले आयोजना गरेको **नेपाल जलवायु परिवर्तन सहायता कार्यक्रम (Nepal Climate Change Support Program, NCCSP)** हालै सम्पन्न भयो । उक्त कार्यक्रममा नेपाल सरकार तथा युरोपेली संघ र बेलायत सरकारबीच नेपाल जलवायु परिवर्तन सहायता सम्झौता अनुरुप NCCSP आयोजना संचालनको क्रममा नेपाल सरकार (मा. मन्त्रीस्तर)को २०६८ माघ १२ गतेको निर्णयनुसार देहाय बमोजिमको आयोजना व्यवस्थापन इकाई (Project Management Unit, PMU) स्थापना भएकोले उक्त इकाईमा यस जिविस महासंघ नेपालको तर्फबाट ऊर्जा तथा वातावरण विज्ञ शम्भुदेव वराललाई प्रतिनिधि मनोनयन गरी पठाईएको थियो ।

त्यसैगरी २०६८ माघ १२ गतेकै निर्णयनुसार देहाय बमोजिमको आयोजना व्यवस्थापन इकाई (Project Steering Committee, PSC) गठन भएकाले उक्त समितिमा यस जिविस महासंघ नेपालको तर्फबाट पूर्व अध्यक्ष श्री माधव पौडेलज्यूलाई प्रतिनिधि मनोनयन गरी पठाइएको छ ।

# सुचना वर्गिकरणबारे छलफलमा सहभागिता

२०६८ माघ १३ गते Freedom Fource ले सुचना वर्गिकरणबारेमा छलफल कार्यक्रम आयोजना गरेको थियो । उक्त छलफल कार्यक्रममा नेपाल सरकारले गरेको सुचना वर्गिकरण सम्बन्धमा सरकारी, गैर-सरकारी, पत्रकार, वकिल, मानवअधिकारकर्मी आदिको सहभागिता रहेको थियो भने उक्त कार्यक्रममा सहभागी व्यक्तिहरुले आ-आफ्नो धारणा व्यक्त गर्नु भएको थियो । उक्त कार्यक्रममा जिल्ला विकास समिति महासंघ नेपालको तर्फबाट ऊर्जा तथा वातावरण विज्ञ शम्भुदेव वरालले भाग लिनु भएको थियो उक्त छलफलमा वहाँले सुचना वर्गिकरणको राम्रो अध्यायन गरी राम्रा पक्ष र नराम्रा पक्ष केलाउनु पर्ने त्यसपछि त्यसमा सरकारी पक्ष, सुचना आयोग तथा अन्य सरोकार वाला पक्ष बीच छलफल अगाडि बढाउनु पर्ने, सुचना वर्गिकरणमा भएका कुराहरु पत्र-पत्रिका मार्फत जनसमक्ष ल्याउनु पर्ने तथा आवश्यक परेमा अन्य दवाब मुलक कार्यक्रम पनि संचालन गरिनुपर्ने भनि आदि कुराहरु उक्त छलफलमा राख्नु भएको थियो ।

## स्थानीय निकाय केन्द्रीय समन्वय समिति

(जिल्ला विकास समिति महासंघ नेपाल, नेपाल नगरपालिका संघ र गाउँ विकास समिति राष्ट्रिय महासंघ नेपाल)

# संयुक्त प्रेस विज्ञप्ति

६ माघ २०६८

राज्य पुनर्संरचना आयोगले प्रतिवेदन तयारीका क्रममा "दुई तहका सरकार राख्ने र स्थानीय सरकारको संवैधानिक हैसियत नहुने" भन्ने व्यहोराको प्रस्ताव तयारी गरी रहेको २०६८ माघ ६ गतेको कान्तिपुर लगायत अन्य दैनिक पत्र-पत्रिकामा प्रकाशित समाचारप्रति स्थानीय निकायका संघमहासंघहरु, जिल्ला विकास समिति महासंघ नेपाल, नेपाल नगरपालिका संघ र गाउँ विकास समिति राष्ट्रिय महासंघ नेपालको गम्भीर ध्यानाकर्षण भएको छ ।

अधिकार र जिम्मेवारी सहितको स्थानीय स्वायत्त सरकारको प्रष्ट संवैधानिक व्यवस्थाको प्रत्याभूत गरिनु पर्दछ भन्ने संविधानसभा विषयगत समितिका सर्वसम्मत प्रस्तावहरु, राजनीतिक दलहरुको वारम्बारको प्रतिबद्धता, स्थानीय निकायका संघ महासंघहरु, सरोकारवाला निकायहरु र आम जनताले निरन्तर गरिरहेको माग र धारणाको बिरुद्धमा स्थानीय सरकारलाई संवैधानिक निकायका रुपमा व्यवस्था नगरी प्रदेशको क्षेत्राधिकारमा छोड्ने भन्ने चिन्तन र सोंचप्रति हामी खेद व्यक्त गर्दछौं र यसलाई सच्याई संघीय संविधानबाटै स्थानीय सरकार सहितको तीन तहको लोकतान्त्रिक संघीय ढाँचामा राज्यको पुनर्संरचनालाई मूर्तरुप दिन हामी जोडदार माग गर्दछौं ।

स्थानीय सरकारलाई संघीय संविधानतः नै सुनिश्चित नगरिंदा ती निकायहरु स्वायत्त हुन नसक्ने र माथिल्ला निकायबाट निरन्तर हस्तक्षेप भइरहने हुँदा नागरिकहरुको राज्यका शासन इकाईबाट पाउने सेवा समेत अवरुद्ध हुने भई शासन व्यवस्थाप्रति समेत अपनत्व कम भई राजनीतिक अस्थिरता निरन्तर रहन्छ ।

स्थानीय सरकारलाई प्रदेश अधिनस्थ बनाउन खोज्ने प्रस्तावले राज्यको शासन व्यवस्था र सार्वभौमसत्ताको प्रयोगमा आम नागरिकलाई सहभागी गराउन नसक्ने, समावेशी शासन र विकासको मुद्दा सम्वोधन नहुने, जनताको नजिकको स्थानीय सरकारबाट सेवा पाउनुपर्ने अधिकार कुण्ठित हुने र संघीय लोकतान्त्रिक व्यवस्थाको संस्थागत विकासमा समेत बाधा सिर्जना गर्ने निश्चित छ । यस्तो चिन्तन नितान्त केन्द्रिकृत मानसिकताको उपज बाहेक अरु केही हुन सक्दैन । अतः संघीय संविधानतः नै अधिकार र जिम्मेवारीसम्पन्न लोकतान्त्रिक स्थानीय स्वायत्त सरकारको स्थापना र संस्थागत विकास गर्ने कुरा प्रत्याभूत गर्न सम्वन्धित सबै पक्षमा हार्दिक आग्रह गर्दछौं । अन्यथा जनताको नजिकको स्थानीय सरकारको स्वायत्तता र प्रष्ट संवैधानिक व्यवस्थाका लागि सम्भावित बृहत आन्दोलनको जिम्मेवार सम्वन्धित पक्ष हुनुपर्नेतर्फ समेत हामी समयमै सचेततापूर्वक ध्यानाकर्षण गराउँदछौं ।

| | | |
|---|---|---|
| ऋषिराज लुम्साली | डोरमणी पौडेल | महिन लिम्बु |
| अध्यक्ष | अध्यक्ष | अध्यक्ष |
| जिल्ला विकास समिति महासंघ नेपाल | नेपाल नगरपालिका संघ | गाउँ विकास समिति राष्ट्रिय महासंघ नेपाल |

# खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धि बैठक सम्पन्न

२०६८ माघ १५ गते, खानेपानी तथा सरसफाई डिभिजन कार्यलयले सरोकारवालाहरु वीच छलफल कार्यक्रमको आयोजना गरेको थियो । उक्त कार्यक्रम ललितपुरमा संचालन गरिने खानेपानी तथा सरसफाई कार्यक्रमा जिल्ला समन्वय समिति गठन गरिएको थियो । यस कार्यक्रममा जिल्लाका विभिन्न संघसस्था, दातृनिकाय, सरकारी तथा गैर-सरकारी निकाय एंव जिविस महासंघ नेपाल लगाएतका प्रतिनिधिहरु उक्त समितिमा सदस्यको रुपमा चयन गरिनुको साथै आगामी कार्यक्रमको बारेमा पनि छलफल गरिएको थियो । कार्यक्रममा समन्वयसमितिको कार्यलाई सघाउन एक कार्यसमिति समेत गठन गरिएको थियो । सामाजिककर्ताको भुमिका ललितपुर जिविसका सभापतिले गर्नु भएको थियो भने जिविस महासंघ नेपालको तर्फबाट ऊर्जा तथा वातावरण विज्ञ शम्भुदेव बरालले गर्नुभएको थियो ।

कार्यक्रममा ललितपुर जिल्ला खानेपानी तथा सरसफाईमा कार्यरत निकाय, दातृनिकायहरुको सहभागिता रहेको थियो ।

व्यवस्थापिका-संसद
विकास समिति

# प्रेस विज्ञप्ति

व्यवस्थापिका संसद, विकास समितिको आज मिति २०६८/१०/५ गते समितिका सभापति माननीय श्री जितेन्द्र प्रसाद सोनारको सभापतित्वमा समिति कक्ष, सिंहदरबारमा बसेको बैठकले देहाय बमोजिमका निर्णयहरू गऱ्यो :–

१. शान्ति र संविधान निर्माण प्रक्रियालाई प्रतिकूल असर नपर्ने गरी नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३९ को व्यवस्था अनुरूप स्थानीय निकायको निर्वाचन प्रक्रिया शुरू गर्न यो समिति स्थानीय विकास मन्त्रालय र स्थानीय विकास मन्त्रालय मार्फत नेपाल सरकारलाई निर्देशित गर्ने निर्णय गर्दछ ।

२. आर्थिक वर्ष २०६८/०६९ को रातो किताबको बजेट शीर्षक नं. २४९ मा परेका कार्यक्रम संचालन सम्बन्धमा छलफल गर्न राष्ट्रिय योजना आयोगका उपाध्यक्ष, सम्बन्धित विषय हेर्ने सदस्य र स्थानीय विकास मन्त्रालयका सचिवलाई यस समितिको मिति २०६८/१०/१३ गते बस्ने बैठकमा आमन्त्रित गर्ने निर्णय गऱ्यो ।

## सरोकारवालबीच ग्रामीण तथा नवीकरणीय ऊर्जा कार्यक्रम माथि छलफल

२०६८ माघ ३ गते, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले सरोकारवाल संघ सस्थाबिच ग्रामिण तथा नविकरणीय ऊर्जा कार्यक्रमको आयोजना गरेको छ ।

यस छलफल कार्यक्रम एकिकृत रुपमा सञ्चालन गर्न लागिएको हो । छलफलमा ग्रामिण तथा नवीकरणीय कार्यक्रमको विविध पक्षहरुमा छलफल भएको थियो । कार्यक्रमा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका कार्यकारी निर्देशक डा. नारायण प्रसाद चौलागाँईले स्वागत मन्तवय व्यक्त गर्नु भएको थियो भने उक्त कार्यक्रममा विभिन्न विज्ञहरुले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । प्रस्तुत कार्यक्रममा विभिन्न सरोकारवालहरुले आ-आफ्नो सुझावहरु व्यक्त गर्नु भएको थियो भने जिविस महासंघ नेपालका तर्फबाट ऊर्जा तथा वातावरण विज्ञ शम्भुदेव वरालले भाग लिनुभएको थियो । उक्त कार्यक्रमा वरालले जिल्ला विकास समितिलाई ग्रमिण ऊर्जा विकाससंग एउटा प्रमुख सरोकारवाला संस्थाको रुपमा लिइएकोमा धन्यवाद दिंदै जिविस र क्षेत्रिय केन्द्र बीचको सम्बन्ध के कस्तो हुने, तल्लो निकाय सम्म वित्तिय कसरी प्रभावीत हुने, निर्देशक समितिको गठन कसरी हुने साथै उक्त समितिमा स्थानिय निकायको प्रतिनिधी हुनु पर्ने कुरामा जोड दिनु भयो । साथै वैकल्पिक ऊर्जा प्रवर्द्धनको क्षेत्रीय कार्यलय खोलिनु पर्ने अनुसन्धान र विकासलाई पनि समेटिनु पर्ने उल्लेख गर्नुभयो । उक्त कार्यक्रममा सरकारी, गैरसरकारी, निजी नवीकरणीय ऊर्जा विकासमा संलग्न विभिन्न संघ/सस्था दातृ निकाय, यू.एन.डि.पी. लगायत करिब ६० जनाको सहभागीता रहेको थियो ।

# कार्यक्रममा सहभागिता

२०६८ माघ १७ गते नेपाल र एसीयाली अध्ययन केन्द्र (सिनास) र प्रजातन्त्र सम्वर्द्धन केन्द्रको संयुक्त आयोजनामा किर्तिपुर सिनास कार्यालयमा आयोजित ***"नेपालको भावी शासकिय स्वरुपः संसदीय की राष्ट्रपतीय"*** विषय अन्तरक्रिया कार्यक्रममा जिविस महासंघ नेपालका कार्यकारी महासचिव श्री हेमराज लामिछानेले भाग लिनु भयो । सो कार्यक्रमको प्रमुख अतिथिका रुपमा नेपाली काँग्रेसका उपसभापति तथा नेपाली काँग्रेस संसदीय दलका नेता रामचन्द्र पौडेल र विशेष अतिथिका रुपमा नेपाली काँग्रेसका केन्द्रिय सदस्य तथा संविधानसभा सदस्य श्री नरहरी आचार्य रहनु भएको थियो । सो कार्यक्रममा प्रा. डा. यज्ञप्रसाद अधिकारीले *"शासकीय स्वरुप संसदीय कि राष्ट्रपतीय"* र श्री दिनेश त्रिपाठीले (Why Parliamentary Democracy is Suitable for Nepal) बिषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । सो कार्यक्रमको अध्यक्षता राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष तथा प्रजातन्त्र सम्वर्द्धन केन्द्रका अध्यक्ष डा. जगदीशचन्द्र पोखरेलले गर्नु भएको थियो । छलफलमा व्यक्त भएका धारणाको मुल आसय निम्नानुसार रहेको थियो ।

- सार्वभौमसत्ता कुनै खास व्यक्तिमा निहित नभई समावेशी चरित्रको सबै मिलेर शासन व्यवस्था सञ्चालन गर्न सकिने शासन व्यवस्था हुनु पर्छ ।
- शासन व्यवस्थामा नियन्त्रण र सन्तुलनको राम्रो अभ्यास हुन सक्ने कुराको प्रत्याभूत हुनु पर्छ ।
- नेपालको भूगोल र वर्तमान यथार्थतालाई ध्यानमा राखेर शासकीय स्वरुपको खाँका कोरिनु पर्छ ।
- Winner takes all भन्ने कुरा नभई सबैको जित हुन सक्ने र सबै अटाउन सक्ने शासकिय स्वरुप हुन पर्छ ।
- शासकिय स्वरुपको कुरा गर्दा कुनै पदमा रहने व्यक्तिको पदावधीको स्थायित्व सुनिश्चित नभै शासन व्यवस्थाको स्थायित्वको कुरामा जोड दिनु पर्छ नकी ।
- लोकतन्त्रको विचार धारालाई निषेध गरिनु हुदैन ।
- नेतृत्व निरंकुश नहुने कुराको ग्यारेण्टी गरिनु पर्छ ।
- शासन व्यवस्थाको उत्तरदायित्व र जवाफदेहिताको प्रत्याभूत गर्न स्थिर राजनीतिको ग्यारेण्टी हुन सक्ने शासकीय स्वरुप हुनु पर्छ ।
- कार्यपत्र प्रस्तोताहरु र अधिकाँश सहभागीहरुबाट नेपालको सर्न्दभमा संसदीय व्यवस्थानै लोकतन्त्रको सम्वर्धनमा उपयुक्त छ भन्ने धारणा राखेका थिए भने केही बाट मात्रै राष्ट्रपतिय व्यवस्थाका पक्षमा दृष्टिकोणहरु पेश भएका थिए ।
- केही सहभागीहरुको सुझावमा नयाँ कुरालाई समेत ग्रहण गर्न सक्ने हिक्मत नेपाली जनतामा हुन जरुरी छ ।
- विविधतामा संसदीय व्यवस्था राम्रो हुन्छ र एकतामा राष्ट्रपतिय व्यवस्था उपयुक्त हुन्छ भन्ने धारणा पेश भएको थियो ।
- केन्द्रीय तहको शासकिय स्वरुपको मात्रै कुरा गरेर नपुग्ने र अधिकारको विकेन्द्रीकरण गरी स्थानीय सरकारको भूमिका सशक्त बनाउने कुरा समेत सँगसँगै वहस गर्नु पर्छ ।
- राष्ट्रपतिय व्यवस्थाको विपक्षमा मत राख्नेले यस व्यवस्थामा व्यक्ति बढी बलियो र हावी हुने र व्यक्ति सम्वन्धित राजनीतिक दलको भूमिका गौण हुने हुन्छ भने । यो पद्धति निरंकुश हुने भनि भने । साथै व्यवस्थापिका संसद राष्ट्रपतिको विपक्षमा भएको अवस्थामा राष्ट्रपतिले काम गर्न नसक्ने र व्यवस्थापिका र राष्ट्रपति वीचमा ठूलो संघर्ष उत्पन्न हुन्छ ।

संसदीय व्यवस्थाको विपक्षमा बोल्नेले निर्वाचन पूर्वनै प्रधानमन्त्रीको नाम सार्वजनिक गर्नु पर्ने, हङ्ग पार्लियामेण्टको संभावना रहने र यसले सरकारको स्थायीत्वमा संधै प्रश्नचिन्ह उठ्ने, सिद्धान्तमा व्यवस्थापिकाले कार्यपालिकालाई नियन्त्रण गर्छ भनिएता पनि यथार्थमा कार्यपालिकाले व्यवस्थापिकालाई नियन्त्रण गर्ने हुन्छ किनकी प्रधानमन्त्रीको ह्विपले व्यवस्थापिकाका सदस्यहरुले कुनै तर्क विना सरकारको पक्षमा मत हाल्नु पर्ने हुन्छ ।

# अध्ययन प्रतिवेदन प्रस्तुती


A Study Report
on
The Assessment on the Utilizations of Capital Block Grants and Internal Sources for Children, Women and Disadvantaged Groups through Local Bodies in Nepal

Prepared for:
Ministry of Local Development and UNICEF Nepal
Kathmandu, Nepal

Prepared By:
Association of District Development Committees of Nepal
(ADDCN)
Kathmandu, Nepal

22 January 2012

स्थानीय विकास मन्त्रालयमा २०६८ माघ २३ गते जिल्ला विकास समिति महासंघ नेपालले युनिसेफ नेपालको सहयोगमा गरेको अध्ययन "The Assessment on the Utilizations of Capital Block Grant and Internal Sources for Children, Women and Disadvantaged groups through Local Bodies in Nepal" को अन्तिम मस्यौदा प्रतिवेदन प्रस्तुत गरियो । उक्त प्रस्तुतीमा स्थानीय विकास मन्त्रालयका सचिव श्री सितलबाबु रेग्मी, सह-सचिवहरु रेश्मीराज पाण्डे र तिर्थ ढकाल, उपसचिवहरु, शाखा अधिकृतहरु र युनिसेफका प्रतिनिधीहरुको उपस्थिति थियो ।



# समसामयिक विषयमा छलफल

२०६८ माघ २४ गते स्थानीय निकाय केन्द्रिय समन्वय समितिको बैठक बसी स्थानीय स्वशासन, स्थानीय सरकारको संबैधानिक व्यवस्था र अन्तरीम स्थानीय निकायको निर्वाचनको पक्षमा सशक्त कार्यक्रम अगाढी बढाउन स्थानीय निकायका संघ तथा महासंघहरुलाई प्राविधिक सहयोग उपलब्ध गराउने उद्देश्यले निम्नानुसार एक सल्लाहकार समुहको गठन भयो । जसमाः

१. श्री खेमराज नेपाल
२. डा. हिक्मत विष्ट
३. डा. श्यामकृष्ण भुर्तेल
४. श्री मुक्ति रिजाल
५. डा. प्रेम शर्मा
६. डा. चन्दकान्त ज्ञवाली
७. श्री हेमराज लामिछाने
८. श्री परशुराम उपाध्याय र
९. श्री कलानिधि देवकोटा ।




२०६८ माघ २९ गते सल्लाहकार समुहको पहिलो बैठक बसी समसामयिक विषयमा छलफल भयो र स्थानीय निकायका संघ तथा महासंघहरुलाई निम्न क्षेत्रमा सुझावहरु दियो ।

१. नेपालको अन्तरिम संविधान २०६३ को धारा १३९ (१) अनुसार स्थानीय निकायको अन्तरीम निर्वाचनको माग गर्दै सम्मानित सर्वोच्च अदालतमा रिट निवेदन पेश गर्ने ।
२. संविधानसभामा स्थानीय सरकारको पक्षमा बोल्ने सभासद्हरुको ककस बनाउन पहल गर्ने ।
३. स्थानीय निकायका संघ तथा महासंघहरुको पैरवी र वकालती एजेण्डालाई सशक्त रुपमा अगाडि बढाउन सञ्चार माध्यमको परिचालनमा ध्यान दिने ।





# टेलिभिजन कार्यक्रम स्थानीय सरोकार

स्थानीय निकायका संघ/महासंघहरु जिल्ला विकास समिति महासंघ नेपाल, गाउँ विकास समिति राष्ट्रिय महासंघ र नेपाल नगरपालिका संघ तथा जिल्ला विकास समिति काठमाडौं, ललितपुर र भक्तपुरको संयुक्त कार्यक्रमका रुपमा नेपाल टेलिभिजनमा प्रत्येक हप्ताको आइतबार साँझ ५:०५ देखि ५:३० बजेसम्म हाल टेलिभिजन कार्यक्रम **स्थानीय सरोकार** संचालन भैरहेको छ ।

सो टेलिभिजन कार्यक्रम हेरेर त्यसलाई अझबढि स्तरिय र प्रभावकारी बनाउँन के कस्तो सुधार गर्न सकिन्छ, सुझाव दिनुहन सबैमा अनुरोध गरिन्छ ।

***सम्पर्कका लागि***
*संचार विकास तथा अनुसन्धान केन्द्र नेपाल*
*शिव रेग्मी, ९७५१००७७२२, ईमेल : mdrc100@gmail.com*



जिल्ला विकास समिति महासंघ नेपाल Association of District Development Committees of Nepal (ADDCN)
☎: 977-15554081, 5529202 **Fax #** 977-1-5548469 Sanepa Mode, Lalitpur, **P.O.Box #** 12022, Kathmandu
**E-mail :** addcn@addcn.org.np **URL:** www.addcn.org.np